# नेपाली तीज गीतमा सांस्कृतिक रूपान्तरण र लोकप्रिय संस्कृति

माया घिमिरे

नेपाली विभाग, राममणि बहुमुखी क्याम्पस

**लेखसार**

प्रस्तुत लेख तीज पर्वको सांस्कृतिक रूपान्तरण र लोकप्रिय संस्कृतिको विश्लेषणमा केन्द्रित रहेको छ । यस लेखमा तीज पर्व, सांस्कृतिक रूपान्तरण र लोकप्रिय संस्कृति तीनवटा चर रहेका छन् । गुणात्मक अनुसन्धान पद्धतिमा आधारित यस लेखमा प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्रीको उपयोग गरिएको छ । यस लेखमा क्षेत्रकार्यबाट प्राप्त सामग्रीलाई प्राथमिक तथा पुस्तकालयबाट प्राप्त सामग्रीलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा लिई अध्ययन र विश्लेषण गरिएको छ । नेपाली समाजमा प्रचलनमा रहेका तीज गीतमा अभिव्यक्त विषयका साथै क्षेत्रकार्यबाट प्राप्त सामग्रीका आधारमा यसको परिवर्तित स्वरूपका विषयमा विमर्श भएकाले यसमा आगमनात्मक र निगमनात्मक दुबै विधिको प्रयोग भएको छ । संस्कृति समाज, मानव विकास, जीवनजगत् र समग्र मानव जीवनसँग सम्बन्धित विषयलाई प्रतिबिम्बन गर्ने साझा अवधारणा हो भने नेपाली समाजमा हिन्दू धर्म अवलम्बन गर्ने नारीका लागि तीज पर्व मुख्य संस्कृति हो । नेपाली समाजमा तीज पर्वमा पारिवारिक सम्बन्धमा नारीका कार्य, भूमिका, दृष्टिकोणका साथै नारी वेदना र संवेदनालाई गीतका माध्यमबाट प्रस्तुत गर्ने प्रचलन रहेको छ । तीजका गीत श्रुतिमा आधारित सुदीर्घ परम्परालाई निरन्तरता दिने नेपाली संस्कृतिका बाहक हुन् । नेपाली नारीसँग सम्बन्धित संस्कृतिको अभिव्यञ्जना गर्ने तीजका गीत समयसापेक्ष रूपान्तरित भएका छन् । यस लेखमा नेपाली लोकगीत अन्तर्गत पर्वगीतका रूपमा श्रुतिपरम्परामा गाइने तीजका गीतको सांस्कृतिक रूपान्तरण तथा त्यसले वर्तमान समयमा ग्रहण गरेको लोकप्रिय संस्कृतिको परिवर्तित स्वरूपको विषयमा विश्लेषण भएको छ । तीज पर्व नेपाली नारीहरूको मौलिक पर्व हो । यो पर्व अहिले लोकप्रिय संस्कृतिका रूपमा विकसित भएको छ । सामाजिक व्यवहारको उत्प्रेरक प्रतिमानको समुच्चय संस्कृतिको पहिचान र रूपान्तरणका आधारहरू भाषा, रीतिरिवाज, चाडपर्व, खानपान, वेषभूषा, संस्कार, विधिव्यवहार आदि हुन् । मान्छेका पथप्रदर्शकका रूपमा रहने सांस्कृतिक पक्षको प्रतिबिम्बन तीज गीतको अन्तर्वस्तु हो । संस्कृति, जातजाति, भाषा, धर्म, रहनसहन, वेषभूषा, खानपान, संस्कार, व्यवहार, सम्बन्ध,

शिक्षाजस्ता आधारमा स्थापित, गतिशील र समाजलाई परस्परमा जोड्ने आधार हो । नेपाली समाजमा तीज पर्वमा गाइने कालजयी गीतमा नेपाली सामाजिक निर्मितिको प्रभावकारी चित्रण भएको छ । नेपाली नारीहरूको पर्वका रूपमा पहिचान प्राप्त तीज एक धार्मिक विश्वासमा आधारित सांस्कृतिक सम्पदाका रूपमा रहेको छ । नेपाली समाजमा नारीको विशेष पर्व मानिने तीजमा गाइने गीत विकसित सामाजिकता र परम्पराका कारण लोकप्रिय संस्कृतिका रूपमा विकसित हुँदै गएको छ । यस लेखमा परम्परागत रूपमा मनाइने पर्व विशेषभन्दा पनि बृहत्तर सांस्कृतिक स्वरूपमा गतिशील हुँदै गएको तथा यस पर्वका विषयमा परम्परित मान्यताभन्दा भिन्न शैलीको अवलम्बन हुनुको असर र कारणका विषयमा विमर्श गरिएको छ । यस लेखमा लोकप्रिय संस्कृतिसम्बन्धी सिद्धान्तका आधारमा प्राप्त सामग्रीको विश्लेषण र संश्लेषण गरी निष्कर्षमा पुगिएको छ । तीज गीतको सांस्कृतिक रूपान्तरणका सन्दर्भमा लोकप्रिय संस्कृतिका दार्शनिक आधारमा मूल्य निरूपण गरिएको यस लेखबाट प्राप्त मूल्यसापेक्ष बहुलवादी निष्कर्षले तीज गीतमा अन्तर्निहित सांस्कृतिक रूपान्तरणको सौन्दर्य र भाव सौन्दर्यलाई अभिव्यञ्जित गरेको छ ।

*शब्दकुञ्जी* : परम्पराको भञ्जन, परिवर्तनको आवाज, पारिवारिक सम्बन्ध, नारी चेतना, सामूहिकता ।

## नेपाली तीज गीतमा सांस्कृतिक रूपान्तरण र लोकप्रिय संस्कृति

तीज पर्व नेपाली संस्कृतिको अभिन्न अङ्ग हो । संस्कृति समग्र जीवन पद्धतिको अध्ययन गर्ने आधार हो । संस्कृतिसँग दैनिक जीवनका कियाकलापसँगै विशेष अवसरमा मनाइने अनेक चाडपर्वहरूका श्रृङ्खला पनि जोडिएर आउँछन् । यो पर्व नेपाली नारीसँग सम्बन्धित छ । यस पर्वमा नारीहरू माइत जाने, मीठो दर खाने, रातो परिधानमा सजिने, शिवको आरधनासहित ब्रत बस्ने र नाचगान गरी मनाउने गर्दछन् । तीजको ब्रतकथा शिवपुराणसँग सम्बन्धित छ । हिमालयकी पुत्री पार्वतीले विष्णुकी विवाहित हुनु नपरोस् र आफ्ना प्रियतम शिवलाई पति वरण गर्न पाऊँ भन्ने चाहना राखी यही उद्देश्य प्राप्तिका निम्ति पार्वतीलाई उनका सखीहरूले लुकाएर जङ्गलमा पुर्‍याएपछि पार्वतीले गरेको तपस्या र शिवप्राप्तिको कथासँग जोडिएको छ । यो पर्व हरेक वर्ष भाद्र शुक्ल तृतीयाको दिन ब्रत बसी आफ्ना पतिको दीर्घायु हुने विश्वासका साथ मनाउने गरिन्छ । तीजको ऐतिहासिक महत्त्व संस्कृतिसँग जोडिएको छ ।

संस्कृति सामाजिक संस्कारको निर्मिति हो । यो प्रतिकात्मक र परिवर्तनशील हुन्छ । तीजको संस्कृति पनि रूपान्तरण भएको छ । हिजोका दिनमा पति जतिसुकै खराब भएपनि तिनका निम्ति ब्रत बसेर पूजाआरधना गर्नुपर्ने परम्पराले थिचिएको तीज पर्वले आज नयाँ स्वरूप प्राप्त गरेको छ । संस्कृतिमा हुने परिवर्तन नै सांस्कृतिक रूपान्तरण हो । हिजोका हिन्दू नारीको पर्व आज सबै नारीको पर्व बनेको छ । दमित नारीहरूलाई शक्ति ,स्वतन्त्रता र उमङ्ग प्रदान गर्ने पर्व बनेको छ ,नारी उत्पीडनको संवाहक बनेको छ, समकालीन घटना परिघटनाको परिसूचक तथा मनोरञ्जनको माध्यम बनेको छ । तीज पितृसत्तात्मक समाजमा उत्पीडित नारीका प्रतिरोधी चेतना व्यक्त गर्ने आधार बनेको छ । यस प्रकारको सांस्कृतिक रूपान्तरणका कारण परम्परागत खानपान, रहनसहन, चालचलन र सोचमा पनि परिवर्तन भएको नेपाली संस्कृतिमा स्थापित रहेको तीज पर्वसम्बन्धी परम्परागत मान्यतामा समेत परिवर्तन भएको छ । दमित आवाजलाई महत्त्व दिने यो पर्व सबैलाई मनेरञ्जन प्रदान गर्ने र सबैको मनमस्तिष्कमा बस्ने हुनाले लोकप्रिय

संस्कृतिका रूपमा विकसित भएको छ । यस लेखमा उठाइएको समस्याको रिक्तता पहिचानका लागि तीज पर्व र गीतका विषयमा गरिएका पूर्वकार्य समीक्षा गर्नु उपयुक्त रहेको छ ।

नेपाली नारी समाजमा स्थापित तीज पर्वका सांस्कृतिक पक्षको अभिव्यञ्जना गीतका माध्यमबाट प्रस्तुत गरिएका छन् । तीज गीत र यो पर्वसँग सम्बन्धित सांस्कृतिक पक्षका सम्बन्धमा गरिएका पूर्वअध्ययनमा नेपाली मौखिक संस्कृतिका रूपमा तीज पर्वको सांस्कृतिकताको अभिव्यञ्जना गीतका माध्यमबाट प्रस्तुत गरिएको विषयमा विमर्श गरिएको छ । यस सन्दर्भमा तारालाल श्रेष्ठ (२०६८) ले *शक्ति ,श्रष्टा र सबाल्टर्न* पुस्तकमा 'तीज गीत र सबाल्टर्न महिलाको शक्ति' शीर्षकमा सत्ताबाट टाढा रहेका किनारीकृत नारीहरूले तीज पर्वमा तीजे गीतका माध्यमबाट शक्ति, स्वतन्त्रता र उमङ्ग छरेको उल्लेख गरेका छन् । यस पुस्तकमा तीज पर्वमा नारीहरूले मुक्तिको आवाज घन्काउँदै उत्पीडनका विरुद्ध प्रतिरोधी आवाज अभिव्यक्त गर्ने विषयलाई जोड दिइएको छ । उनले यस पुस्तकमा नारीहरूले तीज पर्वमा एकातिर आफ्ना पिर, व्यथा, वेदना पोख्ने क्रममा पितृसत्तात्मक समाजको प्रभुत्वका कारण उत्पीडनमा परेको भाव अभिव्यञ्जित गरेका हुन्छन् भने अर्कोतिर पतिको दीर्घायुको कामनासहित ब्रत बस्ने विरोधाभासी कार्य गर्ने उल्लेख गरेका छन् । तीज गीतका उदाहरणसमेत प्रस्तुत गरिएको यस लेखमा तीज पर्वको स्वरूप र यसको रूपान्तरणको अध्ययन तथा विश्लेषणमा सामग्री सङ्कलन तथा विश्लेषणमा थप मार्गनिर्देशन गरि अध्ययनको रिक्ततालाई पुष्टि गरेको छ ।

कपिलदेव लामिछाने (२०७७) ले *लोकसाहित्य सिद्धान्त* पुस्तकमा पर्व गीतको एक प्रकारका रूपमा तीज गीतको पहिचान दिलाएका छन् । उनले यस पुस्तकमा धार्मिक आस्था, रीतिरिवाज ,संस्कार आदिका कारण तीज पर्वमा परिवार तथा आफन्तजन बसेर मीठोमसिनो खाने, राम्रो लगाउने, सुखदुःख साटासाट गर्ने, नारीहरूले आफूले भोगेका पिर, व्यथा, वेदना माइतीको घरआँगनीमा आएर गीतका माध्यमबाट प्रस्तुत गर्ने पर्वका रूपमा तीजलाई चिनाएका छन् । तीज गीतका नमुनासमेत प्रस्तुत गरिएको यस अध्ययनले तीज

गीतको स्वरूप ठम्याउन र संस्कृतिको रूपान्तरणको विश्लेषणमा मार्गनिर्देश गर्दै तीज गीतको सांस्कृतिक रूपान्तरण अध्ययनीय विषय रहेको रिक्तता प्रस्तुत गरेको छ । ध्रुवप्रसाद भट्टराई र अन्य (२०७९) ले सम्पादन गरेको *लोकवार्ता कोश* मा तीज पर्वलाई नेपाली नारीको विषेश पर्वका रूपमा तीजको परम्परा र तीज गीतको विषयवस्तुलाई संक्षेपमा विमर्श गरिएको छ । यस अध्ययनमा बरिलै थेगोको प्रयोग गरी नारीहरूले आफ्नो जन्मस्थल, दाजुभाइ, दिदीबहिनी, बुवाआमा, समाज, सस्कार, पति, पराइघर, सासूससुरा आदिसँग सम्बन्धित विषयका साथै अन्य समसामयिक विषयलाई पनि तीज गीतमा प्रतिबिम्बन गर्न सकिने विषयको उठान गरिएको छ । यस अध्ययनमा तीजलाई धर्म ,संस्कृति र सामाजिक मूल्यमान्यतासङ्ग समन्वित गरी तीज गीतका नमुनासमेत उल्लेख गरिएको छ । तीजको परम्परित मान्यतासमेत प्रस्तुत गरिएको यस अध्ययनले तीजको स्वरूप निरूपण गरी यसको सांस्कृतिक रूपान्तरणको अध्ययन गर्न सकिने विषयलाई स्थापित गरेको छ । सत्यमोहन जोशी (२०७९) ले *नेपाली साहित्यकोश* मा नेपाली लोकसंस्कृति र लोकसाहित्य शीर्षकको लेखमा लोकसंस्कृतिको क्षेत्र व्यापक विशाल रहेको बताउँदै तीज गीतलाई लोकगीतको एक प्रकारका रुपमा चिनाएका छन् । लोक गीतको वर्गीकरण गरिएको यस लेखमा लोक मानसको जीवन्त परम्परालाई अगाडि बढाउने लोकगीतका बारेमा सूक्ष्म रुपमा विमर्श गरिएको छ । यस लेखले सिद्धान्त निर्माणमा मार्गनिर्देश गरेको छ । वेनीजङ्गम रावल (२०८०) ले *नेपाली साहित्यको बृहत् इतिहास पद्य र बाल साहित्य* (२०८०) मा 'नेपाली आधुनिक गीतको इतिहास' लेखमा लोक गीत र लोक संगीतको ऐतिहासिक विकासक्रमको सूक्ष्म अध्ययन तथा विमर्श गरेकी छन् । यस अध्ययनले सिद्धान्त निर्माणमा सहयोग पुर्याउँदै शोधको रिक्तता स्थापित गरेको छ ।

तीज पर्वको सांस्कृतिक रूपान्तरण र परिवर्तित स्वरूपका विषयमा गीता त्रिपाठी (२०८१) ले *अस्मिता* त्रैमासिक पत्रिका (भाद्र) मा 'तीजका केही पक्ष केही विपक्ष' शीर्षकमा नारी मुक्तिको आवाज अभिव्यञ्जित गर्ने यस पर्वको समाजशास्त्रीय ढङ्गले अध्ययन गरेकी छन् । तीज पर्वको पौराणिक ऐतिहासिक,

सामाजिक, सांस्कृतिक अध्ययन तथा विश्लेषण गरिएको यस लेखमा उत्तरआधुनिकतावादी उपभोक्तावादी दृष्टिकोणबाट पनि तीज पर्वमा उपयोग हुने परिधान तथा शृङ्गारका सामग्रीको समेत विमर्श गरिएको छ । अध्ययनमा पारिवारिक मिलन, समकालीन अवस्थाको विश्लेषण, नारी उत्पीडनको प्रस्तुति, पवित्र प्रेमको प्राप्तिजस्ता पक्षलाई सकारात्मक ढङ्गले विश्लेषण गरिएको छ भने पितृसत्तात्मक समाजव्यवस्था र त्यसले महिलाका गतिशीलतामा उत्पन्न गर्ने विरोधाभासी भाष्यको निर्माणका कारण उत्पन्न उत्पीडनलाई नकारात्मक पक्षका रूपमा विमर्श गरिएको छ । यस अध्ययनले क्षेत्रकार्यमा सामग्री सङ्कलन तथा सङ्कलित सामग्रीको विश्लेषणमा सहयोग पुऱ्याएको छ र सांस्कृतिक रूपान्तरण तथा लोकप्रिय संस्कृतिको अध्ययनमा रिक्ततालाई स्थापित गरेको छ । रजनी ढकाल (२०८१) को *हिमाल* खबर पत्रिकामा भाद्र १२ गते प्रकाशित 'तीजको समाजशास्त्र बदलियो बरिलै' लेखमा तीज पर्व यसको परम्परालाई पुराण, धर्म, समाज र संस्कृतिसङ्ग समन्वित गर्दै तीज गीतमा नारी चेतना, नारीहरुको यौनिकतामा अङ्कुश, तीजमा प्रश्न, तीज कसरी मनाउनेजस्ता विभिन्न उपशीर्षकमा विभाजन गरी अध्ययन तथा विश्लेषण गरेकी छन् । तीज गीतको परिवर्तित स्वरूपलाई समेत अध्ययन गरिएको यस अध्ययनले तीज गीतको स्वरूप ठम्याउन र यसको परिवर्तित स्वरूपको विश्लेषण गर्न र क्षेत्रकार्यबाट सामग्री सङ्कलन गर्नसमेत थप मार्गनिर्देशन गरी अध्ययनको रिक्ततालाई पुष्टि गरेको छ ।

तीज गीतमा अभिव्यक्त सांस्कृतिक रूपान्तरण नेपाली समाजले अङ्गीकार गरेको सामाजिक, राजनीतिक र शैक्षिक परिवर्तनका साथै परम्पराका नाममा नारीमाथि हुने विभेदकारी भाष्य विरोधी मान्यताका रूपमा विकास भएको छ । संस्कृति समयसापेक्ष परिवर्तन र संशोधन भइरहने मानवीय विषय रहेकाले यो कालक्रमिक रूपमा परिवर्तित हुने पक्ष संस्कृतिमा पनि लागु हुन्छ । नेपाली समाजमा भएका सांस्कृतिक रूपान्तरणका कारण नेपाली तीज गीतले लोकप्रिय संस्कृतिको स्वरूप ग्रहण गरेको छ । लोकप्रिय संस्कृति अल्पकालीन समयमा स्थापित भई विलयन हुने सांस्कृतिकता हो । सांस्कृतिक अध्ययनमा लोकप्रिय संस्कृति

परम्परागत दमन र विभेदका कारण अप्रतिनिधित्वको मारमा परेका समूहको प्रतिनिधित्वलाई सुनिश्चित गर्ने माध्यम रहेको छ भने यसको प्रबर्द्धन गर्नका लागि सामाजिक सञ्जाल तथा सञ्चार माध्यमको मुख्य भूमिका रहेको हुन्छ । यस कार्यपत्रमा नेपाली सांस्कृतिक पर्वको मौलिकतालाई प्रतिबिम्बन गर्ने तीज गीतमा अभिव्यक्त सांस्कृतिक स्वरूप, यिनमा अभिव्यञ्जित सांस्कृतिक रूपान्तरण र लोकप्रिय संस्कृतिको विश्लेषण गरिएको छ ।

नेपाली नारी समाजमा परम्परागत संस्कृतिका रूपमा मनाइने पर्वका रूपमा यसको सांस्कृतिक महत्त्व रहे पनि यससँग सम्बन्धित भएर गाइने गीत नारी पीडालाई मात्र नभई विचारधारात्मक प्रतिरोधको अभिव्यञ्जनाका दृष्टिले पनि सशक्त अभिव्यक्ति हुन् । नेपाली  नारी समाजमा प्रचलनमा रहेका यी गीत सामान्य नारी मानसिकतामा विद्यमान पीडालाई अभिव्यञ्जना गर्ने माध्यम मात्र नभई समाजमा पितृसत्ताका कारण दमित समाजको प्रतिरोधी आवाज हो । यी गीतमा ग्रामीण नेपाली नारीले भोग्नुपरेको पीडालाई भुल्नका लागि गाइएको दमित आवाज नभई नेपाली परिवेशको सांसारिकताका विद्यमान विभेदको चित्रण गर्न सक्षम तीज गीतमा अभिव्यक्त प्रतिरोधी चेतना सामाजिक र सांस्कृतिक रूपान्तरणका बाहक पनि हुन् । नेपाली नारीको पहिचानसँग जोडिएको यस पर्वको सांस्कृतिक स्वरूप परिवर्तन हुँदै गएको सन्दर्भमा पनि यी कालान्तरदेखि मौखिक भाष्यमा जीवित र जीवन्त छन् भने यिनले प्रतिबिम्बन गरेको विचारधारा कालजयी छन् । परिवर्तित सामाजिक संस्कृतिअनुसार लोकप्रिय बन्दै गएको यस गीतमा सामाजिक र सांस्कृतिक मूल्य विद्यमान छन् । नेपाली समाजमा भएका परिवर्तनलाई आत्मसात् गरी अन्तर्वस्तुगत दृष्टिले परिवर्तित विषय र परिवेशलाई प्रस्तुत गर्ने तीजका गीत नेपाली समाज र संस्कृतिका आवाज हुन् । नेपाली समाजमा विद्यमान पितृसत्ताका नाममा हुने गरेका विभेद तथा नारी अपरिचयीकरणलाई मुख्य विषय बनाएर गाइएका यी गीतमा सामाजिक र सांस्कृतिक पक्षको परम्परागत र परिवर्तित पक्षलाई प्रस्तुत गरिएको छ ।

**समस्याकथन**

यस लेखको मुख्य समस्या नेपाली तीज गीतमा अभिव्यक्त सांस्कृतिक स्वरूप, रूपान्तरण र लोकप्रिय संस्कृतिको खोजी तथा विश्लेषण हो । नेपाली तीज गीतका विषयमा भएका पूर्वअध्ययनको समीक्षाबाट प्राप्त रिक्तताका कारण यस लेखमा उठान गरिएका समस्या उपयुक्त रहेका छन् । यस कार्यपत्रमा उठाइएको मुख्य समस्याको निराकरणका लागि निम्नानुसारका शोध्यप्रश्न निर्माण गरिएका छन् :

(क) नेपाली तीज गीतमा सांस्कृतिक स्वरूप के कस्तो छ ?

(ख) नेपाली तीज गीतमा सांस्कृतिक रूपान्तरण कसरी प्रस्तुत भएको छ ?

(ग) नेपाली तीज गीतमा लोकप्रिय संस्कृति प्रस्तुतिको प्रयोजन के हो ?

यस लेखका उपर्युक्त शोध र शोध्यप्रश्नका आधारमा नेपाली तीज गीतमा अभिव्यक्त सांस्कृतिक स्वरूप, रूपान्तरण र लोकप्रिय संस्कृतिको विश्लेषण गरी त्यसका प्राप्तिलाई निष्कर्षण गर्ने उद्देश्य राखिएको छ । नेपालको लुम्बिनी प्रदेशअन्तर्गत गुल्मी, पाल्पा, अर्घाखाँची, कपिलवस्तु र रूपन्देही जिल्लामा विभिन्न समयमा गाइएका र गाइने तीज गीतका साथै युटचयुबमा लोकप्रिय बनेका तीज गीतका आधारमा तयार गरिएको यस कार्यपत्रमा उपर्युक्त क्षेत्रमा प्रचलनमा रहेका गीतका अतिरिक्त अन्य क्षेत्रका गीत विषयगत सीमाङ्कनमा रहेका छन् । परम्परागत संस्कृतिको प्रतिबिम्बन, सांस्कृतिक रूपान्तरण र लोकप्रिय संस्कृति यस कार्यपत्रका सैद्धान्तिक सीमाङ्कन रहेका छन् ।

## अनुसन्धान विधि

यस लेखका  लागि निम्नानुसारको अनुसन्धान विधि अपनाइएको छ :

### सामग्री सङ्कलन विधि

यस लेखको सामग्री सङ्कलन क्षेत्रकार्य र पुस्तकालय कार्यबाट गरिएको छ । यस लेखमा प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्रीको उपयोग गरिएको छ । यस लेखमा प्राथमिक स्रोतका सामग्रीअन्तर्गत सङ्कलन गरिएका तीज पर्वसँग सम्बन्धित लोकगीत तथा सूचना प्रविधिअन्तर्गत युटचुबबाट प्राप्त सामग्री हुन् । यस लेखका लागि गुल्मी, पाल्पा, अर्घाखाँची कपिलवस्तु र रूपन्देही जिल्लामा प्रचलनमा रहेका तीज गीतको सङ्कलन गरिएको छ भने नेपाली लोकसङ्गीतमा लोकप्रियता प्राप्त गरेका गीत युटचुबबाट सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका क्रममा सम्बन्धित क्षेत्रको भ्रमण तथा तीज पर्व र गीतका विषयमा प्रत्यक्ष कुराकानीको टिपोट गरी तिनलाई यथोचित प्रयोग गरिएको यस लेखमा पुस्तकालयबाट द्वितीक स्रोतका सामग्री सङ्कलन गरिएको छ । यस कार्यमा द्वितीयक स्रोतका सामग्री कार्यपत्रको रिक्तता स्थापित गर्नका लागि गरिएका पूर्वअध्ययन तथा सैद्धान्तिक आधार र विश्लेषणको ढाँचा निर्माण गर्नका लागि प्रयोग भएका पुस्तक रहेका छन् ।

### सामग्री विश्लेषण विधि

यो लेख गुणात्मक अनुसन्धान पद्धतिमा आधारित रही तयार गरिएको छ । यस लेखमा सङ्कलित सामग्रीलाई विषगत आधारमा तीन चरमा वर्गीकरण गरिएको छ । क्षेत्रकार्यबाट प्राप्त सामग्रीलाई नेपाली तीज गीतको सांस्कृतिक स्वरूप, नेपाली तीज गीतमा सांस्कृतिक रूपान्तरण नेपाली तीज गीतमा लोकप्रिय संस्कृतिको अभिव्यञ्जना भएका गीत अङ्शमा वर्गीकरण गरी तद्वविषयक गीत्याङ्शलाई सैद्धान्तिक अवधारणाका आधारमा व्याख्या, विवेचना र विश्लेषण गरिएको छ । तीज पर्वसँग सम्बन्धित सङ्कलित गीतलाई पाठका रूपमा लिई तिनको विषयनिष्ठ विश्लेषण गरिएकाले यो लेख विषयवस्तु विश्लेषणकेन्द्री कार्य

रहेको छ । यस लेखको सैद्धान्तिक आधार र अवधारणा संस्कृतिसम्बन्धी मान्यता, सांस्कृतिक रूपान्तरण र लोकप्रिय संस्कृतिसम्बन्धी अवधारणाका आधारमा गरिएको छ ।

**सैद्धान्तिक आधार**

संस्कृतिको परस्परागत परिभाषा अनुसार संस्कृति मानव जीवनलाई अनुशासित तुल्याउनका लागि मान्छेद्वारा निर्माण गरिएको निश्चित विधान तथा सभ्यता हो । संस्कृतिको अर्थ व्यापक रहेको छ भने यसलाई निश्चित विश्वासमा आधारित मानव समुदायले व्यवहार गर्ने सामाजिक आचरणका रूपमा परिभाषित गरिएको छ । समाजको सदस्यका नाताले मान्छेले आर्जन गर्ने ज्ञान, विश्वास, कला, नैतिकता, कानुन, रीतिरिवाज, व्यक्तिका क्षमताद्वारा आर्जित क्षमता र बानीविशेष हो (टाइलर (सन् १९२०, पृ. १) । संस्कृति मान्छेको ज्ञान, विवेक तथा आर्जित विषयको समग्रता हो । संस्कृति प्रत्येक पिँढीद्वारा सिकिने, बोध र अनुशरण गरिने मानवद्वारा विकसित मानव जातिका पारम्परिक व्यवहारको सम्पूर्णता हो (मीड, सन् १९३७, पृ. १७) । संस्कृति मान्छेद्वारा निर्माण गरेको बृहत्तर संज्ञानात्मक विश्वास र बाँच्ने कलाको प्रतिबिम्बन हो । संस्कृति जीवनका लागि सृजित निश्चित कलाविशेष हो (विलियम्स, सन् १९८३, पृ. ९०) । संस्कृति मानवजीवनलाई व्यवस्थित र आधारभूत आचरणको समग्रता हो भने यो परम्परासँगै ज्ञान-विज्ञानका विविधतालाई निश्चित विधानसहित संस्कारित, परिमार्जित र प्रयोगयोग्य तुल्याइएको पद्धति हो जुन मान्छेद्वारा मान्छेकै लागि सृजना गरिएको हुन्छ । संस्कृति मूलतः सुसंस्कारमा आधारित मानव आचरण र व्यवहारको योजना हो (दुबे, सन् १९९३, पृ. ६९) । यसप्रकार संस्कृति मानव सभ्यता र विकासका क्रममा मान्छेद्वारा मानव समाजलाई व्यवस्थित र सङ्गठित तुल्याउनका लागि निर्माण गरिएको अमूर्त अभिलेख रहेको छ ।

संस्कृति निरन्तर परिवर्तन भइरहने भएकाले यो अनेकौं पटक रूपान्तरण हुने सामाजिक सांस्कृतिक निर्मितिको विषय हो । संस्कृति मानव जीवनका विविध पक्षसँग प्रत्यक्ष सम्बन्धित रहेकाले यो समयसापेक्ष परिवर्तन भइरहन्छ भने यसप्रकारको सांस्कृतिक परिवर्तन नै रूपान्तरण हो । समाजमा निरन्तर परिवर्तन

भइरहने प्रक्रिया रहेकाले मानवीय आवश्यकताअनुसार परिवर्तित स्वरूपमा ग्रहणसँगै यसको रूपान्तरण भइरहन्छ (घर्ती, २०८०, पृ. २१) । संस्कृतिमा हुने परिमार्जन तथा परिवर्तनको प्रक्रिया तथा परिवर्तित गतिशीलता नै सांस्कृतिक रूपान्तरण हो । सांस्कृतिक रूपान्तरणका माध्यमबाट निश्चित अवधिमा स्थापित संस्कृतिको स्वरूप तथा विशेषता परिवर्तन भई परम्परागत संस्कृतिका स्थानमा नवीन संस्कृतिको स्थापना हुन पुग्दछ । नेपाली समाजमा परम्परागत सांस्कृतिक मान्यताका स्थानमा रूपान्तरित संस्कृतिका अनेक स्वरूप प्राप्त गर्न सकिन्छ भने यसप्रकारको सांस्कृतिकताका कारण नेपाली समाजमा पुस्तान्तरणको द्वन्द्व पनि सिर्जना भएको छ । संस्कृतिको परम्परागत अर्थलाई आधार मानी बाँच्न अभ्यस्त पुरानो पिँढी र रूपान्तरित सांस्कृतिकतामा बाँच्न रूचाउने नयाँ पिँढी बीचको सामाजिक सम्बन्धलाई रूपान्तरित संस्कृतिका रूपमा लिन सकिन्छ । यस प्रकारको सांस्कृतिक रूपान्तरणका कारण परम्परागत खानपान, रहनसहन, चालचलन र सोचमा पनि परिवर्तन भएको नेपाली संस्कृतिमा स्थापित रहेको तीज पर्वसम्बन्धी परम्परागत मान्यतामा समेत परिवर्तन भएको छ । नेपाली संस्कृतिको अभिन्न अङ्गका रूपमा रहेको तीज पर्व वर्तमान समयमा लोकप्रिय संस्कृतितर्फ अभिमुख रहेको छ ।

लोकप्रिय संस्कृति अस्थिर विशेषता भएको तात्कालिक आवश्यकतामा आधारित विषयलाई प्रतिबिम्बन गर्ने सांस्कृतिक अवधारणा हो । सांस्कृतिक अध्ययनमा लोकप्रिय संस्कृतिको स्थापना, विकास र प्रसारमा सञ्चार माध्यमको महत्त्वूर्ण भूमिका रहेको छ भने यो निश्चित समयमा उत्कर्ष प्राप्त गर्ने संस्कृति रहेको छ । लोकप्रिय संस्कृति निश्चित परम्परित मान्यताको विपरीत ध्रुवमा स्थापित हुने अल्पकालीन चर्चामा रहने अवधारणा हो । लोकप्रिय संस्कृति एक दृष्टिमा परम्परागत मान्यताको विरोधी विषय हो भने अर्को दृष्टिमा यो समाजमा विद्यमान अनेकौं विषय मध्ये निश्चित मान्यताको प्रतिध्रुवमा स्थापित भएको अभिमत हो । लोकप्रिय संस्कृति सामाजिक विभेदसँग सम्बन्धित समस्यामा आधारित अलोकप्रिय, अस्थायी, न्यूनसंस्कृति तथा निश्चित व्यक्ति र समूहद्वारा निर्मित र प्रसारित सांस्कृतिक प्रतिनिधित्वको स्वरूप हो (हल, सन् २००५, पृ. २९) ।

लोकप्रिय संस्कृति निश्चित सामाजिक र सांस्कृतिक मान्यताविरोधी प्रतिरोधी चेतनाका रूपमा पश्चिमा भूगोलमा स्थापना भएको प्रतिरोधी आवाज हो । लोकप्रिय संस्कृतिको स्थापना दमित आवाजलाई पहिचान दिने प्रयोजनका लागि आरम्भ भए पनि समयान्तरसँगै यसको प्रभाव अल्पकालीन भएर पनि प्रतिरोधी चेतनाको अभिव्यञ्जना गर्ने माध्यम बनेको छ ।

परम्परागत संस्कृतिभन्दा भिन्न विशेषता भएको लोकप्रिय संस्कृति अलोकप्रियताका बीचमै सांस्कृतिक प्रतिनिधित्व स्थापित गर्ने अवधारणा हो । लोकप्रिय संस्कृति आम समाजको आचार, विचार रहनसहन तथा सभ्यताभन्दा भिन्न संस्कृति नभई समाजमै स्थापित तर सर्वस्वीकार्य हुननसक्ने अवधारणाको प्रतिबिम्बन र प्रतिनिधित्व हो । सांस्कृतिक अध्ययनमा अत्यन्त चर्चामा रहे पनि यस संस्कृतिलाई स्वीकार गर्ने समूहको आवाज नै यसको मूलभूत विशेषता हो । लोकप्रिय संस्कृति धेरै मान्छेले रुचाएको, हीनकोटिको कार्य, समूहको मन जित्नका लागि गरिने कार्यविशेषका अतिरिक्त मान्छेद्वारा स्वनिर्मित संस्कृति भन्ने बुझिन्छ (घर्ती, २०८०, पृ. ९५) । लोकप्रिय संस्कृतिमा अभिव्यक्त भएका मान्यता परस्परागत सांस्कृतिक अवधारणाको प्रतिकूल भए पनि यो निश्चित समूहको आवाज प्रस्तुत गर्ने महत्त्वपूर्ण माध्यम हो । निश्चित मान्यताका विरुद्धमा प्रतिरोधी स्वर प्रस्तुत गरिने भएकाले लोकप्रिय संस्कृति आफैमा प्रतिनिधित्वको प्रक्रिया पनि हो । सांस्कृतिक अध्ययनमा लोकप्रिय संस्कृतिले लोकप्रिय संस्कृतिका माध्यमबाट प्रतिनिधित्व,पहिचान र राष्ट्रियताजस्ता विषयको अध्ययन गर्दछ (गिरी, २०७०,पृ.३३) । परप्परागत केन्द्रीकृत अवधारणाभन्दा भिन्न आवाजको प्रतिनिधित्व गर्ने भएकाले लोकप्रिय संस्कृतिमा बहुलताका विशेषता विद्यमान रहन्छन् । संस्कृति व्यक्ति वा समुदायको सिर्जनात्मक कलाबाट निर्मित र निर्देशित हुन्छ भने लोकप्रिय संस्कृति सामूहिक रूपमा उत्पादिन कार्यका रूपमा सिर्जन गरिएको हुन्छ (स्टोरी, सन् २००५, पृ. ६) । लोकप्रिय संस्कृति अप्रतिनिधित्व भएका समूहका आवाज रहेकाले यो निश्चित अवधिपछि स्वतः हराउने सांस्कृतिक मान्यता हो । नेपाली तीज गीतको वर्तमान स्वरूप लोकप्रिय संस्कृतिमा रूपान्तरित हुँदै जानुको कारण यस पर्वसम्बन्धी परम्परागत जड र रूढ मान्यताको विरोधी मान्यता

पनि हो । नेपाली तीज गीतको सांस्कृतिक स्वरूप, यिनमा अभिव्यक्त सांस्कृतिक रूपान्तरणको प्रक्रिया तथा यिनले ग्रहण गरेको लोकप्रिय संस्कृतिको विश्लेषण उपर्युक्त सिद्धान्त र अवधारणाका आधारमा तलका उपशीर्षकमा गरिएको छ ।

## नतिजा र विमर्श

नेपाली तीज गीतमा यसको सांस्कृतिक स्वरूप, परिवर्तित सांस्कृतिक रूपान्तरण र लोकप्रिय संस्कृतिको अभिव्यञ्जना गरिएको छ । तीज गीतमा अभिव्यक्त सांस्कृतिक स्वरूप, परिवर्तित सांस्कृतिक रूपान्तरण र लोकप्रिय संस्कृतिको अभिव्यञ्जनाको विश्लेषण तलका उपशीर्षकमा गरिएको छ :

### नेपाली तीज गीतमा अभिव्यक्त सांस्कृतिक स्वरूप

नेपाली हिन्दू नारीले मनाउने तीज पर्वको सांस्कृतिक स्वरूपको अभिव्यञ्जना गीतका माध्यमबाट व्यक्त भएको छ । नेपाली सांस्कृतिको अभिन्न अङ्गका रूपमा तीज गीत पर्व गीतका रूपमा गाइने नारीसमस्या, प्राप्ति, भावना तथा भाष्यको अभिव्यञ्जना गर्ने माध्यम बनेका छन् । नेपाली तीज गीतमा नेपाली सांस्कृतिक स्वरूपको अभिव्यञ्जना पारिवारिक सम्बन्ध, वैयक्तिक सम्बन्ध, नारी चैतन्य र सामाजिक सम्बन्ध तथा परम्पराको प्रतिबिम्बनजस्ता विषयका माध्यमबाट प्रस्तुत भएको छ । नेपाली तीज गीतमा पारिवारिक सम्बन्धको अभिव्यञ्जना निम्नलिखित गीत्यांशमा भएको छ :

वर्षदिनका तीजमा बाबा लिन आउनु भो ।  
पठाएनन् घरकाले फर्कि जानू भो ।  
छोरी आइनन् भनेर आमा रुनिन् धरक्क ।  
दशैतिहार आउला आमा आम्ला लरक्क ।  
वर्षभरि घाँस काट्दा यति हैन रुझेको। ।  
एउटा सारी लाउनु छैन चित्त बुझेको ।

(निर्मला अर्याल,तिलोत्तमा नगरपालिका,वडा नं ३, बर्ष ४७ ,२०८१/०५/०९)

प्रस्तुत गीतमा कसैकी बुहारीले वर्षदिनको तीजमा बाबा लिन आउँदा पनि माइत जान अनुमति नदिने घर परिवारप्रति दुखेसो व्यक्त गरेकी छन् । यस गीतले तीजमा चेली र माइतीको अझ त्यसमा पनि आमाछोरीको भावनात्मक सम्बन्ध अभेद्य हुने विषयलाई प्रस्तुत गर्दै तीजबाहेकका अन्य पर्व दशैंतिहार आउलान् र आम्ला लरक्क भन्दै छोरीले आमालााई आशावादी हुन प्रेरित गरेकी  छन् । यस गीतमा वर्षभरि दु:ख गरे पनि त्यसको मूल्य नभएको बुहारीको विद्रोही अभिव्यक्तिले स्थापित वैवाहिक, सामाजिक र सांस्कृतिक मानकको विनिर्माण गर्दै सबाल्टर्न नारी आवाजसहित वाचाल हुन थालेको भावाभिव्यक्ति प्रस्फुटन भएको छ । नेपाली समाजमा परिवर्तित नारीआवाज र त्यसको सामाजिक र सांस्कृतिक सम्बन्धको अभिव्यञ्जना गरिएका नेपाली तीज गीतमा नारीचैतन्य र सामाजिक सम्बन्धको अभिव्यक्ति भएको निम्नलिखित गीत्यांश व्याख्येय रहेको छ :

आफ्नो विकास आफैले गरिन्छ ।

मानिन्न कसैको डर बरिलै ॥

हामी जान्छौ क्याम्पस पढन ।

सानैमा नपठाऊ घर बरिलै ॥

(नर्मदा घिमिरे, तिलोत्तमा नगरपालिका वडा नं २, बर्ष ६०, २०८१/०५/२८)

प्रस्तुत गीतमा नारीहरू तीजमा साँच्चै सशक्त, सक्रिय, स्वतन्त्र देखिन्छन्, उनीहरूले मनमा लागेका कुरा निडर भई अभिव्यक्त गर्न सक्छन् भन्ने भाव अभिव्यञ्जित भएको छ । उनीहरू आफ्नो प्रतिनिधित्व आफै गर्न सक्छन् । आफ्ना दु:ख र वेदना पोख्ने गीत र भाका आफैले सिर्जना गर्छन् ।  वि सं २०५० को दशकपछि नारी नै स्रष्टा, सर्जक, गायक, वाद्य वादक, नृत्य प्रदर्शक सबै बनेर स्वत:स्फूर्त अभिव्यक्ति दिन थालेको भाव गीतमा अभिव्यञ्जित भएको छ । तीज पर्वमा गाइने गीतले आवाजविहीन नारीका आवाज मुखरित गर्न स्पेस

प्रदान गर्दछन् । त्यही सानो, स्पेसभित्रबाट नारीहरू आफ्ना कथाव्यथाको वर्णन कर्ता, सर्जकको प्रतिनिधि आफै बन्दछन् । उनीहरूले तीज गीतका माध्यमबाट अब सानैमा विवाह गरिदिने होइन हामी पनि क्याम्पस पढ्न जान्छौं भन्ने चेतनशील भाव व्यक्त गरेका छन् । यस गीतका माध्यमबाट चेतनशील महिलाहरूले बालविवाहको विरोध पनि गरेका छन् । यो समयमा उनीहरू एकदमै सिर्जनशील बन्छन् र परम्परित सामन्तवादी चिन्तनका मानकलाई भञ्जन गर्दै ती नाच्छन्, गाउँछन् र रमाउँछन् । सांस्कृतिक परिवर्तनको आवाज गीतका माध्यमबाट प्रस्तुत गर्ने क्रममा परम्परागत संस्कृतिप्रति प्रतिरोध प्रस्तुत गरिएको निम्नलिखित गीत्यांशमा नारी चैतन्यको अभिव्यक्ति यसरी भएको छ :

सुन मेरा दिदी हो सुन मेरा बहिनी हो ।
अन्याय र अत्याचारको गीत गाउने हो ॥
अब हामी सहदैनौ अन्याय र अत्याचार ।
अघि बढी खोजी गरौं हाम्रो अधिकार ॥
छोरीले त पढ्न हुन्न इज्जत जान्छ भनेर ।
अन्धकारमा राख्न खोज्ने समाज होइन र ॥
रुढिबादी यो समाजले के जानेको रैछ र ।
पढ्नेलेख्ने अधिकार हाम्रो हैन र ॥
(सीता घिमिरे, धुर्कोट गाउँपालिका वडा नं ६, बर्ष ५२, २०८१/०४/२३)

प्रस्तुत गीतमा तीज पर्व नारी अभिव्यक्तिका लागि स्वतन्त्र भएको र उनीहरूले तीजमा साामूहिक रूपमा आफ्नो इच्छा, चाहना, प्रेम, घृणा, र विद्रोहको आवाज तीजेगीतका माध्यमबाट सार्वजनिक गर्न छुट पाउँछन्, स्वतन्त्र रूपमा बोल्छन् र अगाडि बढ्छन् भन्ने भाव अभिव्यञ्जित भएको छ । तीजमा नारीहरू जम्मा हुन, नाच्न, गाउन, वाद्यवादन गर्न, व्यङ्ग्य गर्न र विद्रोही अभिव्यक्ति पस्कन स्वतन्त्र हुन्छन् । त्यो

समयमा कसैले पनि उनीहरूको स्वतन्त्र अभिव्यक्तिमाथि प्रत्यक्ष रोक लगाउन सक्दैन । पुरुषवादी सत्ताले थोपरिदिएको अन्याय, अत्याचार, दमन विरूद्ध तीजेगीतमा नारी जोडदार रूपले आवाज बुलन्द गर्छन् । त्यसबेला वैवाहिक, सामाजिक, सांस्कृतिक मूल्य र मान्यताद्वारा निर्मित मानक भत्किन्छन् । श्रीमतीहरू एकाकार भएर श्रीमान्को हैकम विरुद्ध उभिन्छन् । बुहारीहरू सासूको दमनकारी व्यवहार विरूद्ध बोल्छन् । सारा नारी पितृसत्तात्मक विभेदकारी संरचना र त्यसले स्थापित गरिदिएको दमन र अत्याचार विरूद्ध एकजुट हुन्छन् । दबिएर रहेका प्रत्येक घटना एक एक गरी बाहिर आउँछन् । व्यक्तिगत दमन र अत्याचारका मुद्दा सामूहिक बनेर देखा पर्छन् । त्यो सशक्त आवाज बन्छ । त्यसका लागि तीजले नारीलाई स्थान दिएको छ । नेपाली तीज गीतमा परम्पराको प्रतिबिम्बन अर्को विषयगत अभिव्यञ्जना हो परम्पराको प्रतिबिम्बन भई नेपाली सांस्कृतिक स्वरूपको अभिव्यक्ति निम्नलिखित गीतमा यसरी प्रस्तुत गरिएको छ :

सिरैमा सिरीफूल लाउँकी नलाउँ हो ।  
रूपै छ बेलिया लाउनु पर्छ भो ॥  
आँखैमा गाजलु लाउँ कि नलाउँ हो ।  
मन चोर्ने धैरै छन् गएको जोवान फेरि आउँदैन ॥  
गाजलु त लाउनुपर्छ भो ।  
ओठैमा लाली लाउँ कि नलाउँ हो ॥  
हिमाल झै मुस्कान छ लाली जीवन फेरि आउँदैन ।  
हातैमा चुरिया लाउँकी नलाउँ हो ॥  
बाटुलो निधारमा टिकिया त लाउनै पर्ने भो ।  
पाउमा पाउजा लाउँकी नलाउँ हो ॥  
लाउनु पर्छर्स पाउजा पाउजा बजाउँदै नाच्नुपर्छ भो ।

कानैमा ढुंग्री लाउँ कि नलाउँ हो ॥

(कमला पन्थी, तिलोत्तमा नगरपालिका वडा नं ३, बर्ष ५५, २०८१/०५/२८)

प्रस्तुत गीतमा परम्परित पोसाकप्रतिको मोह अभिव्यञ्जित भएको छ । तीजमा महिलाहरू प्राय : मीठो दर खाएर आफूलाई मन पर्ने पोसाक लगाएर माइतीको आँगनमा नाच्ने ,गाउने र रमाउने गर्दछन् । तिजमा गाइने गीत विभिन्न विषयसँग सम्बन्धित हुन्छन् । तिनमा नारीका इच्छा, घर माइतीका समस्या, घर माइती गर्दा बाटामा हुने दुर्घटना, छोराछोरीप्रतिको भेदभाव, देवी देवताप्रतिको भक्ति, गर गहना र पोसाकप्रतिको मोह, सामाजिक परिवर्तनको चाहना आदि प्रकट भएका हुन्छन् । यस गीतमा आफ्नै रूपसौन्दर्यमा रमाउँदै स्वतन्त्रताको भाव अभिव्यञ्जित गर्ने क्रममा यी भावहरु छचल्किएका छन् । मन चोर्ने धेरै भएकाले यो यौवनकालमा श्रीफुल, टीकी, गाजल, लाली, पाउजा लगाएर परम्परालाई प्रतिबिम्बित गर्ने पोसाकमा पहिचान सहित रमाउनु पर्ने भाव अभिव्यञ्जित भएको छ । तीज पर्वमा खानपान र त्यसको जोहो गर्नुपर्ने नारीसमस्यामा आधारित परम्परित विषयको अभिव्यञ्जना निम्नलिखित गीत्यांशमा यसरी भएको छ :

तीज आयो के खाजा खाने हो ।

पुलाउ कि मनबोक खिर बरिलै ॥

आँखा टिलपिल मलिनो मुख ।

के पर्यो तिमीलाई पिर बरिलै ॥

के को खाजा खाउँ दिदी मैले ।

आएनन् माइती लिन बरिलै ॥

तीज आयो लाऊ बइनी किलिप ।

घाँटीमा तिलहरी माला बरिलै ॥

(सरस्वती न्यौपाने, सन्धिखर्क नगरपालिका, वडा नं ९, बर्ष ५०, २०८१/०५/०२)

प्रस्तुत गीतमा तीज पर्वलाई चेली र माइती मिलनका रूपमा लिइने विषयलाई उठान गरिएको छ । गीतमा यसको सम्बन्ध यतिमा मात्र सीमित नभई नारीको स्वतन्त्रतालाई नियमन गर्न बनेको पितृसत्तात्मक धार्मिक-सांस्कृतिक व्यवस्था पालना गराउँदै ल्याउन पनि यस पर्वले बलियो भूमिका खेलेको कुरालाई अप्रत्यक्ष रूपमा प्रसतुत गरिएको छ । तीज छोरीचेलीले माइत आएर दु :ख ,पीडा,वेदना पोख्ने,माइती र समाजसँग गुनासा पोख्ने दिन पनि हो । यो पर्व नेपाली समाजमा विवाह गरेर टाढा गएका छोरीचेलीलाई माइत बोलाई मीठोमसिनो (खिर ,पुलाउ, खाजा) खुवाउने, राम्रा परिधान र गहनामा सजिएर नाचगान गरी उल्लासपूर्वक मनाइने पर्वका रूपमा लिइन्छ । यस पक्षबाट हेर्दा माइती पक्ष विवाहित छोरीचेलीसँग नजिक भएर उनीहरूका समस्या एवम् जीवन नियाल्न यस पर्वले सहयोग गरेको छ । अर्को पक्षबाट हेर्दा महिलालाई बिना पारिश्रमिक घरायसी कामको चर्को श्रम थोपरेको समाजले त्यसलाई सन्तुलनमा ल्याउन पनि यस्तो समयको व्यवस्थापन गरेको हो भन्ने बुझिन्छ । छोरीचेलीलाई आर्थिक अधिकार नदिने र आत्मनिर्भर बनाउने वातावरण नबनेको समयमा तीजको संस्कारले उनीहरूलाई माइतीको आगनमा बोलाएर मनका भावना पोख्ने अवसर दिनु सुन्दर कुरा हो । यसैलाई उपर्युक्त गीतका माध्यमबाट अभिव्यञ्जित गरिएको छ । माइतीमा सबै दिदीबहिनी जम्मा भएर मीठो मसिनो खाएर रमाउने बेलामा माइती लिन नआउँदाको गुनासो उपर्युक्त गीतका माध्यमबाट गरिएको छ ।

**तीज गीतमा अभिव्यक्त सांस्कृतिक रूपान्तरण**

तीज नारीहरूको मौलिक पर्व हो । यसको धार्मिक, पौराणिक ,सांस्कृतिक, सामाजिक ऐतिहासिक महत्त्व रहेको छ । पौराणिक कालदेखि मनाउँदै आएको यस पर्वको स्वरूप समयको प्रवाहसङ्गै परिवर्तन हुँदै गएको छ । वैदिक कालमा वेदको सन्देश बाहकका रूपमा पहिचान दिलाइएका नारीलाई पौराणिक कालमा आएपछि धर्म र संस्कृतिका नाममा पितृसत्ताका माध्यमबाट पुरुष अधीनस्थ बनाइयो । समयको यही प्रवाहमा गतिशील हुँदै जाँदा विवाह संस्थाले यसको स्वरूपमा प्रभाव पार्यो । परम्परित तीज गीतको स्वरूपलाई

नियाल्ने हो भने प्रारम्भिक कालका तीज गीत शिव र पार्वतीको प्रेम, त्याग, समर्पण, दृढ सङ्कल्प र प्रतिरोधी भावनासङ्ग सम्बन्धित छन् । त्यसपछि गीत पितृसत्तात्मक समाजमा विवाह संस्थाले नारीलाई आर्जित सम्पतिका रूपमा हेर्दा तिनले भोग्नु परेको उत्पीडनलाई व्यक्त गर्ने माध्यम बनेका छन् । ती दिनमा पति रूप जति कुर भएपनि तिनका निम्ति पानी पनि नखाई ब्रत बस्नुपर्ने, तिनको दीर्घायुको कामना सहित पूजाआजा गर्नुपर्ने परम्पराले थिचिएको तीज पर्वले बिस्तारै नयाँ स्वरूप प्राप्त गर्दै गतिशील भएको छ । समकालीन तीज गीतमा चेतनशील महिलाका परिवर्तित स्वर गुञ्जिन थालेका छन् । व्यवस्था र व्यवहारको विरोधाभासप्रति औंला उठाइएका छन्, लैङ्गिक समता र समानताका भावना अभिव्यञ्जित भएका छन् र हरेक किसिमले तीजको दायरा फराकिलो हुँदै गएको छ । नारी जीवनका विविध पक्षसँग सम्बन्धित कतिपय तीज गीत धार्मिक तथा पौराणिक मूल्यमान्यतासङ्ग सम्बन्धित छन् । तीज गीतको दीर्घ परम्परालाई अवलोकन गर्दा पितृसत्तात्मक सामन्तवादी समाज व्यवस्थाले विवाहजस्ता संस्थाका कारण महिला अधीनस्थ बनेर रहँदा हुने अन्याय, अत्याचार, दमन, शोषण, पीडा, व्यथा, पोख्ने माध्यम बनेका छन् ,घर न माइत हुँदा विरह पोख्ने माध्यम बनेका छन् । राजनीतिक, ऐहिासिक, सामाजिक, सांस्कृतिक परिवर्तनका संवाहक बनेका छन्, सबै जाति र वर्ग र समुदायका मनोरञ्जनका माध्यम बनेका छन्, समसामयिक घटना परिघटना सार्वजनिक गर्ने माध्यम बनेका छन् । तीज गीतमा भएको सांस्कृतिक रूपान्तरणलाई निम्नानुसार विश्लेषण गरिएको छ :

कहाँमा जान्छौ रानी चरी बगाल ।
बरिलै भगबानलाई भेटन ॥
भगबानलाई भेटन के के पागुर चाहिन्छ ?
बरिलै फूलपाती अक्षेता ॥
एकुमा चाहिन्छ श्रीखण्ड चन्दन ।
बरिलै दोसरी बेलपत्र ॥

(राधा आचार्य, सन्धिखर्क नगरपालिका, वडा नं ७, बर्ष ६१,२०८१/५/०२)

प्रस्तुत गीत धार्मिक तथा आध्यात्मिक चिन्तनसँग सम्बन्धित छ । यस गीतमा हिमालय पुत्री पार्वतीले शिवलाई पतिका रूपमा प्राप्त गर्न गरेको तपस्या र शिवजीको आकृति बनाई पूजा गरेको प्रसङ्गले तीजको पारम्परिक धार्मिक तथा सांस्कृतिक महत्त्वलाई स्मरण गराएको छ । गीतमा यो पर्व शिव पुराणसङ्ग सम्बन्धित भएको विषय स्मरणीय बनेर आएको छ । हिमालयकी पुत्री पार्वतीले विष्णुकी विवाहिता हुन नपरोस् आफूले चयन गरेको शिवलाई जीवनसाथीका रूपमा वरण गर्न पाइयोस् भनी साथीहरूको साथसहयोगमा गरेको भोक हडताल, पूजा अर्चना र त्यसबाट प्राप्त सफलतालाई गीतले साङ्केतिक रूपमा बोध गराएको छ । शिव भगवानलाई भेट्न के के पागुर चाहिन्छ भनी प्रश्न गरिएको र फुलपाती, चन्दन अक्षेता, बेलपत्र चाहिने विषयका माध्यमबाट पार्वतीको दृढ सङ्कल्प धार्मिक तथा आध्यात्मिक कार्यबाट पूरा भएको प्रतीकात्मक अभिव्यक्ति यस गीतका माध्यमबाट प्रतिबिम्बन गरिएको छ । धार्मिक तथा आध्यात्मिक चिन्तन बोकेको यो पर्वको सांस्कृतिक रूपान्तरण भएको प्रसङ्गलाई गीतका माध्यमबाट यसरी जोडिएको छ :

सबै नारी खुसी छन् आज ।
मनका पीर मनैमा नराख ॥
चेलीबेटी गैसके डाँडामा ।
लगाइदेऊ कोठीमा ताला बरिलै ॥
बाँकी काम गरौंला गोठको ।
फर्केर साँझ घर बरिलै ॥
तीज आयो मादल नि बज्यो ।
रमाएन खै मेरो मन बरिलै ॥

(कविता पन्थी, तिलोत्तमा नगरपालिका वडा नं २, बर्ष ४२, २०८१/०५/१४)

प्रस्तुत गीतले तीज पर्वको परिवर्तित सामाजिक चेतनालाई अभिव्यक्त गरेको छ । तीज पर्व हिन्दू नारीलाई माइत जान, दर खान ,डाँडामा गएर नाच्न, गाउन, रमाउन र गीतका माध्यमबाट नारीका उत्पीडनका साथै परिवर्तित प्रतिरोधी चेतना विस्तार गरि शक्ति, स्वतन्त्रता र उमङ्ग बाड्न दिन पनि हो । यस गीतमा घरको काम थाति राखेर भए पनि नारीहरू एकजुट भएर नारीपक्षीय भाव गीतका माध्यमबाट प्रस्तुत गर्न तयार भएको परिवर्तित परिवेश अभिव्यक्त भएको छ । घरमा ताला लगाएर काम बाँकी राखेर पनि नारीहरू घरबाट निस्कन चाहेको परिवर्तित चेतना कवितामा यसरी प्रस्तुत भएको छ :

तीज आयो तीज आयो भन्छ चरी वनमा ।
कति राखु वेदनाको पोको मनमा ॥
बाबाआमा बुढाबुढी विदेशमा दाजुभाइ ।
किन आयो पापी तीज दुःख दिनलाई ॥
दाजुभाउजु अमेरिका लण्डन छ कान्छो भाइ ।
आमालाई सुगर छ बालाई बि पी हाइ ॥

(सिन्धु आचार्य,सन्धिखर्क नगरपालिका वडा नं ९, बर्ष २८, २०८१/०५/०२)

प्रस्तुत गीतमा तीजमा वेदनाको पोको पोख्न आतुर नारीको परिवर्तित भाव प्रस्तुत भएको छ । पचासको दशकपछि जनयुद्धको प्रभावका कारण नेपालीहरू विदेश जाने क्रम अहिलेसम्म पनि रोकिएको छैन । यही समकालीन समस्यालाई गीतका माध्यमबाट मुखरित गरिएको छ । युवाहरू दिनप्रतिदिन विदेश पलायन हुने हुँदा घरमा बुढाबुढी बाआमा मात्र बाँकी रहेको दुखेसो गीतमा प्रस्तुत भएको छ । दाजुभाइ विदेशमा हुँदा घर रोगी बाबाआमा सहाराबिहीन भएको भाव गीतमा प्रस्तुत भएको छ । अमेरिका बेलायतजस्ता मुलुकमा सन्तान हुने बुवाआमाले सुगर प्रेसरजस्ता रोगले थला पर्दा पनि सन्तानको साथ नपाएको गुनासो गीतले

अभिव्यञ्जित गरेको छ । संस्कृतिमा भएको परिवर्तनलाई नारीका प्रतिरोधी चिन्तनका भावनामा समन्वित गरी तीज गीतका माध्यमबाट यसरी अभिव्यक्त गरिएको छ :

दाइजो पनि ल्याइन रे छोरो पनि पाइन रे ।
अरुले झै गरेर घर खाइन रे ॥
नानाथरि आक्षेप लाउँछ सुक्यो पिरले मेरो जिउ ।
जाड रक्सी खाएर सधैं खोज्छ निउँ ॥
बोल्न केही हुँदैन हातैहाली कुट्छ नि ।
रातभरी रोएर भिज्यो सिरानी ॥
घरका जहान एक हुन्छन् आफ्नो भन्ने कोही छैन ।
मरुँ भने काल आएन बाँच्न मन छैन ॥
(लक्ष्मी घिमिरे, तिलोत्तमा नगरपालिका वडा नं २, बर्ष ४२, २०८१/०५/१)

प्रस्तुत गीतमा तीजमा महिलाहरू अभिव्यक्तिका लागि स्वतन्त्र हुने विषय अभिव्यञ्जित भएको छ । उनीहरू तीजको अल्पकालीन समयका लागि भए पनि आफ्ना इच्छा, चाहना, नारीमाथि हुने उत्पीडनका विरुद्ध विद्रोहको आवाज तीजेगीतका माध्यमबाट सार्वजनिक गर्दछन्, स्वतन्त्र भएर बोल्छन् । तीजमा नारीहरू माइत जान, जम्मा हुन, नाच्नगाउन, वाद्यवादन गर्न, व्यङ्ग्य गर्न र अन्यायका विरुद्ध विद्रोही अभिव्यक्ति पस्कन स्वतन्त्र हुन्छन् । त्यस समय कसैले पनि उनीहरूको स्वतन्त्र अभिव्यक्तिमाथि प्रत्यक्ष रोक लगाउन सक्दैन । पुरुषवादी सत्ताले थोपरिदिएको अन्याय, अत्याचार, दमन विरूद्ध तीजेगीतमा नारीहरू जोडदार रूपले आवाज बुलन्द गर्छन् । यो समयमा वैवाहिक, सामाजिक, सांस्कृतिक मूल्य र मान्यताद्वारा निर्मित केही सामाजिक सांस्कृतिक मानक भत्किन्छन् । नारीहरू एकाकार भएर जाँडरक्सी खाएर पीडा दिने श्रीमान्को हैकम विरुद्ध विद्रोही भाव अभिव्यक्त गदर्छन् । बुहारीहरू सासूको दमनकारी व्यवहार विरूद्ध पनि बोल्छन् । सारा महिला

पितृसत्तात्मक विभेदकारी संरचना र त्यसले स्थापित गरिदिएको दमन र अत्याचार विरूद्ध एकजुट हुन्छन् । दबेर रहेको उत्पीडन एक एक गरी बाहिर आउँदा संस्कृतिमा रूपान्तरण भएको भाव गीतमा यसरी अभिव्यञ्जित भएको छ :

ओम नम शिवाय ओम नमोनम :
जेलैमा हो जेलैमा चरी जेलैमा ।
जेलैमा हो जेलैमा चरी जेलैमा ॥
मै छोरी रुँदै रुँदै बेसी मेलैमा ।
तीजको दर खान मन थ्यो ॥
माइती घर जान मन थ्यो ।
जेलैमा हो जेलैमा चरी जेलैमा ॥
मै छोरी रुँदै रुँदै बेसी मेलामा ।
गाउँकी केटी शहरैमा ॥
दियौ बाबा रहरैमा ।

(विष्णु माझी, https://www.youtube.com/watch?v=lsKAqFo0Yck)

प्रस्तुत गीतमा नारी उत्पीडनको चरम रूपलाई विष्णु माझीले गीतका माध्यमबाट अभिव्यञ्जित गरेकी छन् । शिवको आरधनासहित आरम्भ गरिएको यस गीतमा चेलीलाई तीजमा माइत गएर, दरसहित आफन्त तथा साथीसँगीसँग रमाउने छुट हुँदाहुँदै पनि रुँदैरुँदै बेसी मेलामा जान बाध्य भएको भाव मुखर भएको छ । गीतमा तीजमा छोरीलाई माइतीको आँगन टेक्ने छुट भएपनि रुँदैरुँदै बेसी मेलामा जान बाध्य भएकी चेलीको अन्तरमनको दुखेसोलाई प्रस्तुत भएको छ । गीतमा नारीको पराइ घरको उत्पीडनलाई जेलको पीडाका रूपमा चित्रण गरिएको छ । एउटा पिताले गाउँमा हुर्केकी छोरीलाई सुख सुविधाको लागि सहरमा

दिएको तर छोरी दुःखको भुमरीमा परेको अवस्थालाई जेलमा परेको चरीसँग तुलना गरिएको छ । तीजको दर खाने मन हुँदाहुँदै माइती घर जाने मन हुँदाहुँदै पनि पितृसत्तात्मक सामन्तवादी युगमा निगमनकारी निकायको नियन्त्रणका कारण नियन्त्रित हुँदाको उत्पीडन गीतमा प्रस्तुत भएको छ । परिवर्तित सामाजिक चेतनाको अभिव्यक्तिलाई यस गीतले प्रतीकात्मक रूपमा प्रस्तुत गरी नारी उत्पीडनका विरुद्ध प्रतिरोधी भावका माध्यमबाट सांस्कृतिक रूपान्तरण अभिव्यञ्जित गरेको छ । चेलीको वेदना शीर्षकमा नेपाली लोक मानसमा प्रचलित निम्नलिखित गीत्यांशमा नारीसमस्याको प्रस्तुतीकरण यसरी भएको छ :

आज मलाई सन्चो छैन बिहानका चिसोले ।
बजै उठी दैलो पोतिन् मेरै रिसले ॥
एकाबिहानै उठेर दैलो कुचो गरेर ।
सिसबेसी घाँस काट्न गैयो बरोलै ॥
गरुँगो भारी बाबा असिनधारे पानी ।
बिसौनामा बिसाएर रोइयो बरिलै ॥

(सरिता पोखेल, बाणगङ्गा नगरपालिका वडा नं ३, बर्ष ५७, २०८१/०४/२२)

प्रस्तुत गीतमा बुहारीको पीडा र मर्म मुख्य विषयवस्तुका रूपमा मुखरित भएको छ । सासू र बुहारीको सम्बन्ध आमा र छोरीको जस्तो हुनु पर्ने हो तर अधिकांश सासू बुहारी बिचको सम्बन्ध चिसोहुने विषय गीतमा आएको छ । सासूले बुहारीमाथि बढी दमन र हैकम लाद्न खोज्ने गुनासो  गीतका माध्यमबाट प्रस्तुत भएको छ । शक्ति सम्बन्धका आधारमा किनारामा रहेका बुहारीको विद्रोही अभिव्यक्तिले स्थापित वैवाहिक, सामाजिक र सांस्कृतिक मानकको विनिर्माण गर्दै सबाल्टर्न महिला बोलेको देखिन्छ । किनारामा रहेका बुहारीले आफ्ना व्यथा, वेदना र उत्पीडनजस्ता वर्षौंदेखि दबिएका आवाज गीतका माध्यमबाट प्रस्फुटन भएका छन् ।

बाबाका दैलामुनी ठुलो पाटो रापटा ।
कति राम्रो फुलेको तोरी बरिलै ॥
बुझिदिनुस् बाबाले सोचिदिनुस् सबैले ।
किन हेला हुनुपर्यो छोरी बरिलै ॥
छोरी भनी हेला गर्ने सबै हुन्नन् पशु त ।
यो मनको विरह भनु को सित ॥
सूर्यबिना कस्तो हुन्छ दिउँसोको दृष्टि ।
छोरीबिना यो धरतीमा हुन्न सिरिस्टि ॥
म अभागी भएर छोरी जन्म लिएको ।
छोरो पनि त्यै छोरीले जन्म दिएको ॥

(गङ्गा पन्थी, रेसुङगा नगरपालिका वडा नं ५, बर्ष ६०, २०८१/०५/२१)

प्रस्तुत गीतमा नारीको शक्ति र उन्मुक्ति अभिव्यञ्जित भएको छ । यही शक्तिमाथि टेकेर महिलाले विद्रोही इतिहासको निर्माण गर्दै मानवीय व्यवहार, समानता, स्वतन्त्रता र मुक्तिको उद्घोष गर्छन् । यस अवसरमा उनीहरुले परम्परित सामाजिक सांस्कृतिक मानकहरू भत्काउँदै पितृसत्ता विरूद्ध सार्वजनिक रूपमा सशक्त आवाज बुलन्द गरी सांस्कृतिक रूपान्तरण गीतमा गरेको भाव अभिव्यञ्जित भएको छ । पितृसत्तात्मक समाजमा सामाजिक सांस्कृतिक विकृतिका विरोधमा बोल्न तीज आउनु पर्ने भाव छोरीलाई विभेदको दृष्टिले हेरिने गीतका माध्यमबाट मुखर भएको छ । समाजमा अधीनस्थ छोरीबुहारीले दुःख पोख्ने ठाउँसमेत नपाएको भावलाई गीतका माध्यमबाट व्यङ्ग्यात्मक तथा सामाजिक सांस्कृतिक वर्ग चेतनाको विद्रोही आवाज बुलन्द भएको छ । यस गीतमा पितृसत्ताका कारण केन्द्रमा सत्तासीन छोराहरू पनि छोरीहरूकै काख र कोखबाट

हुर्केको भाव प्रस्तुत गर्दै लैङ्गिक समता र समानताको आवाजलाई प्रतिरोधी चेतनाका माध्यमबाट प्रतिबिम्बन गरी तीज गीतका माध्यमबाट सांस्कृतिक रूपान्तरण मुखर भएको छ :

कुसंस्कारलाई तोडेर फाल्न पनि नपाइने ।
स्वामीज्यूको हुकुमबिना डग्न नपाइने ॥
बैशाख मासको सुकेका पँधेरा ।
पालैपालो रुघेर आएँ म घर ॥
पानी लेर आउँदाखेरि घरका जहान रिसाउने ।
यो घरमा छैन मेरो कोही टिठाउने ॥
स्वामीजी जानुहुन्छ जुवातास खेलन ।
पर्यो मलाई घरको काम एक्लै गरन ॥
(सीता भण्डारी, तिलोत्तमा नगरपालिका वडा नं ५, बर्ष४६,२०८१/०६/०१)

प्रस्तुत गीतले शोषण र अन्यायका विरोधमा गुञ्जिने तीज गीतका माध्यमबाट आजको  सामाजिक सन्दर्भमा समाजमा विद्यमान पितृसत्ताको वर्चस्वलाई यथार्थ रूपमा अभिव्यञ्जित गरेको छ । यी गीत नेपाली समाजका लागि ज्ञान र चेतना विस्तारका आधारका रूपमा पनि रहेका छन् । पचासको दशकतिर गुञ्जने यस्ता तीज गीतमा व्यवस्थामा परिवर्तन आए पनि व्यवहारमा परिवर्तन आउन नसकेको भाव मुखर भएको छ । गीतमा नारीको स्वतन्त्रतालाई नियमन र नियन्त्रण गर्न बनेको पितृसत्ताले धर्म संस्कृतिका माध्यमबाट होस् अथवा समकालीन अन्य सन्दर्भबाट होस् महिलालाई अधीनस्थ गर्न नछाडेको भाव प्रस्तुत भएको छ । नारीका कामको मूल्याङ्कन नहुने तर कामले कहिल्यै नछाड्ने परिस्थितिमा पनि पति रूपको आर्जित सम्पतिका रूपमा रहँदा उपभोग्य वस्तुका रूपमा रहनुपर्ने अवस्थालाई गीतका माध्यमबाट सार्वजनिक गरी प्रतिरोधी चेतनाका माध्यमबाट सांस्कृतिक रूपान्तरण मुखर भएर आएको छ ।

## तीज गीतमा लोकप्रिय संस्कृति

तीज हिन्दू महिलाहरूको मौलिक पर्व भएपनि समकालीन अवस्थामा यसको दायरा फराकिलो भएको छ । आजभोलि महिलापुरूष दुबै तीजको दरखाने कार्यक्रममा सहभागी हुने , तीज गीतमा नाच्ने, गाउने, रमाउने गर्दछन् । अहिले तीजका गीतको विषयवस्तुका साथै सहभागितामा फराकिलोपन देखिएको छ । सबै धर्म-सम्प्रदायका महिला यस पर्वको मनोरञ्जनमा सहभागी भएका छन् । अहिलेको तीज गीतका भाका र लय पनि फरक छन् । यो पर्वमा गाइने गीतको सास्कृतिक रूपान्तरण भएको छ । अत : यो सबैलाई मनोरञ्जन प्रदान गर्ने लोकप्रिय संस्कृतिका रूपमा विकसित भइरहेको छ । समकालीन तीज गीत सबैका गीत बनेका छन् । पौराणिक कालदेखि मनाइँदै आएको विश्वास गरिने यो पर्व विशेष खालको जीवनशैली र अभ्यासका कारण मौलिक नेपाली संस्कृतिका रूपमा प्रचलनमा छ । अहिले यो समूह संस्कृतिका रूपमाभन्दा पनि लोकप्रिय संस्कृतिका रूपमा सबैको मनमस्तिष्कमा रहेको छ । खाना नाना, गीत नृत्य, चेतना ,चिन्तन, सहभागिता, भावना सबैमा रूपान्तरण भएको छ । कलासाहित्यमा भित्रिएको उत्तरआधुनिकतावादी उपभोक्तावादी दर्शनबाट पनि यो पर्व र यससँग सम्बन्धित गीत, गीतको वस्तुपक्ष, खाना, परिधान, तिजका परम्परित मूल्यमान्यताका साथै तीज मान्ने समयको दायरासमेत परिवर्तन भएको छ । यसका सकारातमक र नकारात्मक दुबै पक्ष भए पनि पछिल्लो समयमा बजारमा आएका अरेली काँडैले, चरी जेलैमा, लौरी हरायो, नभने दाइले आइन बोइनी माइत, अचम्मै राम्रो नाच्छे मोरीले, मेरो माया बसेको ठाउँमा, कस्लाई के को पिर, हाइ मेरो फरियाजस्ता धेरै लोकप्रिय गीत आएका छन् । समकालीन नेपाली तीज गीतको परिवर्तित स्वरूपको अध्ययन तथा अवलोकन गर्दा यसको प्राप्तिका रूपमा लोकप्रिय संस्कृति रहेको छ । नेपाली तीज गीत परम्परागत मौलिकताका साथै रूपान्तरित संस्कृतिका अतिरिक्त लोकप्रिय ससांस्कृतिक स्वरूपसहित स्थापित विकसित हुँदै गएको छ । यस पर्वमा गायन गरिने गीतमा अभिव्यक्त लोकप्रिय संस्कृतिको उदाहरणका रूपमा निम्नलिखित गीत्यांश व्याख्येय रहेको छ :

अरेली काँडैले च्वास्सै च्वास्सै....

छैन नि साइली हाम्रा नि कमको ।

घुमाउरो जुँगा मेरा ृतमको

ओइ है मेरी बास्सै......

अरेली काँडैले मलाई च्वास्सै च्वास्सै.....

ऐया नि बाबै लाजैले मरे ।

गाउँभरी हल्ला चलेको छरे ।

ओइ है मेरी बास्सै....

अरेली काँडैले मलाई च्वास्सै च्वास्सै....

इन्द्रको धनु शिवको डमरु ।

डमरु तालमा हल्ले म त मरु ।

(शान्तिश्री परियार र प्रकाश सपुत, https://www.youtube.com/watch?v=25yDj9FWxzE)

प्रस्तुत तीज गीतमा सामाजिकता अन्तर्निहित भएर आएको छ। यो गीत मूल धारको तीज गीतभन्दा फरक किसिमको छ। यस गीतमा नेपाली समाजमा बसोबास गर्ने सबै वर्ग, लिङ्ग र जातिका मानिसहरू अटाउन र रमाउन सक्छन्। यस गीतमा पुरुष र महिला दुबैले नृत्य गरेका छन्। गीत परम्परित तीज गीत भन्दा नितान्त भिन्न प्रकृतिको छ। यसमा धर्म,पूराण, संस्कार आदिको विषयलाई भन्दा पनि सबै जाति र वर्गलाई प्रभाव पार्ने भाव अभिव्यक्त भएको छ। लोकप्रिय सस्कृति मजदुर, किसान, श्रमिक सबैको प्रिय हुन्छ। यस गीतमा समाजका सबै मानिस रमाउन सक्छन्। अरेली काँढाले च्वास्स च्वास्स घोचेको विषयवस्तुको प्रस्तुतिमा गतिशील गीतको भावले सबैलाई समेटेको छ। ओइ मेरी बास्सै .... भन्दै गाइएको यस गीतले बच्चादेखि बृद्धअवस्थाका मानिसको मन जितेको छ। तीज पर्वमा बजारमा आएको यस गीतलाई अन्य

अवसरमा पनि बजाउने र यसको आस्वादन गरिने हुनाले तीज गीत लोकप्रिय सस्कृतिका रूपमा रूपान्तरण हुँदै विकसित भएको छ । सबै किसिमका पार्टी, वनभोजमा समेत यसले स्थान लिएको हुनाले यो लोकप्रिय संस्कृतिका रूपमा स्थापित भएको छ । सबैको सहभागिता रहने तीज गीतको लोकप्रियता प्रस्तुत गर्ने तीज गीतको नमुनालाई यसरी प्रस्तुत गरिएको छ :

हाइ मेरो फरिया !

झन् माथि सार्यो झन् तल झर्छ....

हाइ मेरो फरिया.....

झन्  माथि सार्यो झन तल सर्छ हाइ मेरो फरिया ।

हे मेरी आमा पियारी छोरी खानु घिउ खाकी छ ।

कस्तो थ्यो यो जीऊ पहिले हेर हाड मात्रै बाँकी छ ।

(विष्णु माझी, https://www.youtube.com/watch?v=BHmioxW6D88)

प्रस्तुत तीज गीतमा न्यून र हीन संस्कृतिका रूपमा पहिचान बनाएको लोकप्रिय संस्कृतिमा सामाजिकता अन्तर्निहित भएर रहेको छ । यो गीत ठिमाहा प्रकृतिको छ । यो गीत सबै जनमानसको गीत भएको छ । यो गीतका  भ्युज, सस्क्राइभ सामाजिक सन्जालमा यसले ओगटेको स्थानले पनि लोकप्रिय बनेको  छ । तीज गीतका रूपमा परिचित यो गीत सबै जाति, वर्ग, पेसाका मानिसको मनमस्तिष्कमा रहेको छ । यसको आस्वादन सबै जनमानसले गर्नसक्ने हुनाले यो गीतले लोकप्रिय सस्कृतिको पहिचान बनाएको छ । हाइ मेरो फरिया... बोलको गीतमा सबै जातिका मानिस गायन, नृत्यमा सहभागी हुनसक्ने हुनाले यो सबैको प्रिय बनेको छ ।

कस्ले भन्यो मोटी केटी राम्री हुन्न भनी ।

आज मैले त्यसको जवाफ दिन्छु गनी गनी  ।

बीस किलोका खुट्टा मेरा दस किलाका हात छन् ।

एकै मुक्का हाने भने रगत रगत छाद्छन ।

सिरीसिरी हावा चल्यो भेरीको तिर ।

मै मोटी भएको दुनियाँलाई पिर ।

बाबै मै मिटी भएको दुनियाँलाई पिर ।

काली छु त काली कौवा भन्नै पर्ने हो र?

के को मेरो कालो तिम्लाई सर्ने हो र?

सिरीसिरी हावा चल्यो कालीको तिर ।

(प्रीति आले, https://www.youtube.com/watch?v=JhK6ssOBoqY)

तीजको परम्परित मूल्य धर्म, पुराण, समाज, सस्कारसङ्ग सम्बन्धित भएर आएको छ । प्रीति आलेको यस गीतमा उत्तरआधुनिक तथा उत्तरसंरचनावादी मूल्यमान्यतालाई आत्मसात् गर्दै नवीन विषयवस्तुलाई आत्मसात् गरिएको छ । मूल धारको सस्कृतिभन्दा भिन्न किनारीकृत वर्गको सस्कृतिलाई आत्मसात् गरिएको यो गीतको विषयवस्तु शरीर राजनीतिसँग सम्बन्धित छ । नारीको मोटो शरीर राम्रो हुन्न भन्नेलाई गनीगनी जवाफ दिन्छु भन्दै गीतमा परम्परित पुँजीवादी तथा उपभोक्तावादी बजारव्यवस्थाले ल्याएका मूल्यमान्यताको विरोध गरिएको छ । गीतमा परम्परित तीज गीतका विपरीत पितृसत्ताको दास भएर हैन कि ती मान्यताका विपरीत किनारीकृत वर्गका दुब्ला, होचा, काला, मोटा नारीका शारीरिक संरचनाको विषयमा केन्द्रित भएर आएकाले समकालीन तीज गीतको संस्कृति रूपान्तरित भएको छ, यो सबैको प्रिय बनेको छ । यस गीतको मुख्य उद्देश्य सबै गायक, श्रोता तथा दर्शनको मन जित्नु हो । यस गीतको सङ्गीत पनि परम्परित सङ्गीतको भन्दा फरक किसिमको छ । किनारीकृत लिङ्गीका भावलाई समेटिएको यो गीतले बालक, बृद्ध, युवा सबैको मन जित्न सफल भएको छ । यो गीतको लोकप्रियतालाई सामजिक सञ्जालले पनि पुष्टि गरेको छ । तीजको समाजशास्त्रमा परिवर्तन आएको भावलाई गीतका माध्यमबाट यसरी प्रस्तुत गरिएको छ :

तिज आयो भनेर नहौं अलमल ।

बसौं दिदी बहिनी हो गरौं छलफल ॥

मुक्तिका कुरा गरौं काम गर्ने बेलामा ।

अब हामी नबसौं जालझेलमा ॥

छोरालाई स्कुलमा छोरीलाई मेलामा ।

म छोरीको आँसु खस्यो दैला ठेलामा ॥

(विनिता गौतम, तिलोत्तमा नगरपालिका वडा नं ६, बर्ष ५५, २०८१/०५/२८)

प्रस्तुत गीतमा सभ्यताको विकास सँगसँगै तीजका परम्परित मूल्यमान्यतामा परिवर्तन आएको भाव अभिव्यञ्जित भएको छ । तीजको परम्परित मान्यताले धर्म, पुराण, समाज र संस्कारका नाममा पितृसत्ताको रक्षा कवच बनेर काम गर्ने हुनाले यस गीतमा उत्तरआधुनिक छाता शब्दभित्र समेटिने लैङ्गिक भेद त्यसबाट उत्पन्न उत्पीडनका विरुद्ध लैङ्गिक समता र समानताको भाव मुखर बनेर आएको छ । अब तीजलाई अलमल गरेर मनाउने चाडका रूपमा नभई पितृसत्तात्मक समाजका जालझेल विरुद्ध अघि बढ्ने पर्वका रूपमा मनाउनु पर्ने विषय अभिव्यक्त भएको छ । पुरुषबाट अधीनस्थ नारीहरुका उत्पीडनका भाव अभिव्यक्त यस गीतले परम्परागत मूल्यलाई भञ्जन गरी नयाँ चिन्तन, चेतना र ज्ञानको प्रसारण गरेको छ । सदियौंदेखि पितृसत्ताले थिचिएका, मिचिएका उत्पीडित नारीका भाव सबैको मनमस्तिष्कमा बस्न सफल भएका लोकप्रिय सस्कृतिका रूपमा विकसित परिवर्तित चेतना र चिन्तनका सबै जाति र उमेर समूहका महिलाका भाव गीतमा यसरी अभिव्यञ्जित भएको छ :

उच्च शिक्षा हासिल गरि विकास हाम्ले गर्ने हो ।

बराबरी अधिकार हाम्ले लिने हो ॥

हामी नारी एक ढिक्का भैइ अगाडि बढ्नु छ ।

आमा दिदीबहिनीको मुहार फेर्नु छ ॥

सधैंभरि कति बसौं जुठा भाडा माझेर ।

समाजमा कुरा गर्छौं दिल खोलेर ॥

दैलोकुचो ढिकीजातो भकाराको पेवालाई ।

बराबरी बाँडौं भनौ पुरुष समाजलाई ॥

(सिर्जना आचार्य, सन्धिखर्क नगरपालिका वडा नं ३, बर्ष २५, २०८१/०५/०२)

प्रस्तुत गीतमा लैङ्गिक समता र समानताको भाव व्यक्त भएको छ । यस गीतले नारीलाई शिक्षित र सचेत भई गतिशील हुन आह्वान गरेको छ । गीतमा सबै काममा समान भूमिकामा रहनुपर्ने भाव प्रस्तुत भएकाले सबैको प्रिय बनेको छ । गीतमा अप्रतिनिधिका रूपमा रहेका मूलधारमा समेटिन नसकेका नारीका दमित आवाजले महत्त्व पाएको छ । बराबर अधिकार लिएर विकास निर्माणका कार्यमासमेत समान सहभागिताको आवाज उठाएको यो गीत नयाँ पुस्तादेखि पुराना पुस्ताका सबै जनमानसको मन मस्तिष्कमा लोकप्रिय बनेर रहेको छ ।

## निष्कर्ष

तीज पर्व नेपाली नारीको मौलिक पर्व हो । यस पर्वका विषयमा ठोस सांस्कृतिक विधानको निर्माण तथा पर्वविशेषका रूपमा मनाउने र यसको संस्कृतीकरण गर्ने श्रेय नेपाली समाज नै रहेको देखिन्छ । यो पर्व नेपाली सांस्कृतिक स्वरूप र मान्यतामा आधारित छ भन्नुको प्रमाण नै हिन्दूधर्म विशेषका अनेक सम्प्रदाय र उपसंस्कृतिमा यसका सांस्कृतिक विधानको पालना नगरिएको तथ्य नै हो । नेपाली नारीसमाजमा विशेष मान्यता राख्ने यस पर्वमा नेपाली मौलिक संस्कृतिको प्रतिबिम्बनका साथै सामाजिक, राजनीतिक र सास्कृतिक परिवर्तन सापेक्ष रूपान्तर हुँदै गएको छ । यस पर्वको परम्परागत सांस्कृतिक स्वरूपको अभिव्यञ्जना श्रुतिमा आधारित लोकगीतका माध्यमबाट प्रस्तुत गरिएका छन् भने यसमा अभिव्यक्त परम्परागत संस्कृतिको

प्रतिबिम्बन पारिवारिक सम्बन्ध, वैयक्तिक सम्बन्ध, नारी चैतन्य र सामाजिक सम्बन्ध तथा परम्पराको प्रतिबिम्बनका माध्यमबाट प्रस्तुति भएको छ । नेपाली तीज गीतमा परम्परित संस्कृतिदेखि आधुनिक तथा उत्तरआधुनिक संस्कृति, चेतना र चिन्तनका भाव अभिव्यञ्जित भएर आएका छन् । हिन्दू नारी केन्द्रित यो पर्वले परिवर्तित सांस्कृतिक स्वरूपलाई आत्मसात् गरेको छ । वर्तमान समयमा तीज पर्वको परिवर्तन लोकप्रिय संस्कृतिका रूपमा स्थापित भएको छ भने यसको स्वरूप परिवर्तनको अवस्था यस पर्व विशेषमा गाइने गीतले प्रतिबिम्बन गर्ने अन्तर्वस्तुका माध्यमबाट बोध हुन्छ । नेपाली संस्कृतिको अभिन्न अङ्ग रहेको तीजपर्वको विशेष सांस्कृतिक महत्त्व रहेको छ भने यस पर्वमा गाइने गीतमा पनि परम्परागत संस्कृतिको सांस्कृतिक रूपान्तरण हुँदै गएको छ । समकालीन समयमा यो लोकप्रिय संस्कृतिको अङ्ग बनेको छ ।

तीजको समाजशास्त्र फेरिएको छ । सामाजिक चेतनामा आएको परिवर्तनले संस्कृतिमा रूपान्तरण ल्याएको छ । तीजको परम्परित धार्मिक तथा सांस्कृतिक अभ्यासले आश्रित पात्रका रूपमा परिचित महिलाकाले समता र समानताका आवाजसहित स्वपहिचान निर्माण गरेका छन् । नारी उत्पीडनका विरूद्ध अभिव्यञ्जित प्रतिरोधी चेतना र चिन्तनले संस्कृतिमा रूपान्तरण ल्याएको छ । हिजो हिन्दू नारीको मौलिक पर्वका रूपमा परिचित यो पर्व अहिले सबै जातिको सामूहिक पर्व भएको छ । नारी जातिका समस्या र उत्पीडनले गीतमा स्थान पाएका छन् । यी गीत नारी स्वतन्त्रताको अभिव्यक्तिका माध्यम बनेका छन् । तीज गीतमा आएको रूपान्तरणले लोकप्रिय संस्कृतिको रूप धारण गरेको छ । वर्तमान समयमा सामाजिक सञ्जालमा आएका तीजका गीत सबैका मनमस्तिष्कमा बस्न सफल भएका छन् , परम्परित तीजका मान्यता र मानकलाई भञ्जन गर्दै सबै जाति,वर्ग र लिङ्गी नाच्न,गाउन र रमाउन थालेका छन् । यो पर्व सबै नेपालीको मिलनको पर्व बनेको छ । तीजका गीत अरू उत्सवमा पनि बज्न थालेका छन् । तीजका गीत बच्चादेखि बृद्धसम्म सबै उमेरका जनमानसमा प्रिय बनेका छन् । समकालीन समयमा तीजको परम्परित संस्कृतिमा परिवर्तन आएको छ । अहिलेका तीज गीतमा दमित आवाजले स्थान पाएका छन् । यी गीतमा

अप्रतिनिधित्वका आवाज अभिव्यञ्जित भएका छन् । अहिलेका परिवर्तित तीज गीत आम जनसमुदायका मानिसद्वारा निर्मित छन् । यिनको मूल उद्देश्य सबैलाई मनोरञ्जन प्रदान गर्नु हो र यिनले मूलधारको संस्कृतिभन्दा पृथक रहेर आमजनमानसको अस्थिर संस्कृतिका रूपमा पहिचान दिएका छन् ।

## सन्दर्भ सामग्रीसूची

आले, प्रीति (२०८१). कसले भन्यो मोटी केटी राम्री हुन्न भनी.
https://www.youtube.com/watch?v=JhK6ssOBoqY

गिरी, अमर (२०७०). सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा. *भृकुटी १९*, पृ. ११-४६ ।

घर्ती, दुर्गाबहादुर (२०८०). *सांस्कृतिक अध्ययन,* इन्डिगो ईन्क ।

जोशी, सत्यमोहन (२०५५ / २०७९),'नेपाली लोकसंस्कृति र लोक साहित्य' *नेपाली साहित्यकोश* .सम्पा.कृष्णचन्द्रसिंह प्रधान र अन्य,काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

ढकाल, रजनी (२०८१). तीजको समाजशास्त्र बदलियो बरीलै !. *हिमाल खबर* बुधबार ४ फागुन
https://www.himalkhabar.com/news/142805?

त्रिपाठी गीता (२०८१).तीज : केही पक्ष केही विपक्ष. *अस्मिता* २(१),
https://www.asmitamagazine.com/2024/09/05/989/?

दुबे, श्यामाचरण (सन् १९९३). *मानव और संस्कृति,* राजकमल प्रकाशन ।

परियार,शान्तिश्री र प्रकाश सपूत,(२०८०).अरेली काँडैले मलाई....
https://www.youtube.com/watch?v=25yDj9FWxzE

भट्टराई, ध्रुवप्रसाद र अन्य (२०७९),*नेपाली लोकवार्ताकोश,* नेपाल प्रज्ञाप्रतिष्ठान, काठमाडौं ।

माझी,विष्णु (२०७८),.चरी जेलैमा.....
.https://www.youtube.com/watch?v=lsKAqFo0Yck

माझी,विष्णु (२०७८),.हाई मेरो फरिया....
.https://www.youtube.com/watch?v=BHmioxW6D88

रावल, बेनीजङ्गम (२०८०), 'नेपाली आधुनिक गीतको इतिहास' नेपाली साहित्यको बृहत इतिहास, सम्पा.माधवप्रसाद पोखेल र अन्य,काठमाडौँ :जगदम्बा प्रकाशन ।

लामिछाने ,कपिलदेव (२०७७),*लोकसाहित्यको सिद्धान्त,* नेपाल प्रज्ञाप्रतिष्ठान, काठमाडौं ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, श्रष्टा र सबाल्टर्न,* काठमाडौं: डिस्कोर्स पब्लिकेसन ।

Hall, H. (2005). Cultural studies and the Centre : some problematics and problems. In *Culture, Media and Language Working papers in Cultural studies* (Edt.). Stuart Hall, Dorothy Hobson, Andrew Lowe & Paul Willis, Routledge.

Mead, M. (1937). Introduction. In M. Mead (Ed.). *Cooperation and competition among primitive peoples* (Pp. 1-19). McGraw-hill Book Company, Inc.

Storey, J. (2015). *Cultural theory and popular culture : An introduction* (7th) ed.). Routledge.

Tylor. E. B. (1920). *Primitive culture : Researches into the development of mythology, philosophy, religion, art & custom* (4th ed., Vol. 1). John Murray, Albemarle Street, W.

Williams, R. (1983). *Keywords : A vocabulary of culture & society* (Rev. ed.), Oxford university press.

**अन्तर्वार्ता दाताहरू**

कमला पन्थी, तिलोत्तमा नगरपालिका, वडा नं ३, बर्ष  ५५, २०८१/०५/२८

कविता पन्थी, तिलोत्तमा नगरपालिका, वडा नं २, बर्ष ४२, २०८१/०५/१४

गङगा पन्थी, रेसुङगा नगरपालिका, वडा नं ५, बर्ष ६०, २०८१/५/२१

गोमा अर्याल, तिलोत्तमा नगरपालिका, वडा नं ३, बर्ष  ५२, २०८१/४/१६

नर्मदा घिमिरे, तिलोत्तमा नगरपालिका, वडा नं ३, बर्ष  ५५, २०८१/०५/२८

निर्मला घिमिरे अर्याल, तिलोत्तमा नगरपालिका, वडा नं ३, बर्ष  ४७, २०८१/०५/०९

सरस्वती न्यौपार्ने, सन्धिखर्क नगरपालिका, वडा नं ९, बर्ष ५०, २०८१/०५/०२

बिन्दु आचार्य, तिलोत्तमा नगरपालिका, वडा नं ३, बर्ष  ४२, २०८१/०५/२९

राधा आचार्य, सन्धिखर्क नगरपालिका, वडा नं ३, बर्ष  ६०, २०८१/९/२४

विनिता गौतम, तिलोत्तमा नगरपालिका, वडा नं ६, बर्ष  ५५, २०८१/५/२८

सरिता पोखेल, गजहडा गाउँ पालिका, वडा नं ३, बर्ष  ५७, २०८१/०४/२२

सीता घिमिरे, धुर्कोट गाउँपालिका, वडा नं ६, बर्ष ५२, २०८१/०५/२३

सीता पन्थी, तिलोत्तमा नगरपालिका, वडा नं ३, बर्ष  ५५, २०८१/०५/२७

सीता भण्डारी, तिलोत्तमा नगरपालिका, वडा नं ५, बर्ष  ४८, २०८१/०६/०१

सिर्जना आचार्य, सन्धिखर्क नगरपालिका वडा नं ३, बर्ष २५ ,२०८१/०५/०२

सिन्धु आचार्य, सन्धिखर्क नगरपालिका वडा नं ९, बर्ष  , २०८१/०५/०२